स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

अभिनेता अनमोल केसी र डेब्यू अभिनेत्री प्रिन्सी खतिवडाको प्रेमिल केमेस्ट्रि जमेको फिल्म बाटुलो जूनमा समावेश गीत सार्वजनिक गरिएको छ। तिहारको अवसर पारेर आगामी कातिक २६ गते रिलिज हुने फिल्मको अल्लारे ठिटो आयो बोलको डान्सिङ नम्बर निर्माण युट्युबबाट सार्वजनिक गरिएको हो। पुरानो नेपाली समाजको मौलिक परिवेशमा तयार पारिएको गीतको भिडियोमा अनमोल र प्रिन्सीबीचको दोहोरी नोकझोक र प्रेमिल भाव देखाइएको छ।

आजको विचार...

तानसेनको...
(दुई पेजमा)

डा. श्रीमणि राज खनाल

अभिनेत्री उपासना सिंह ठकुरी अभिनीत नयाँ नेपाली चलचित्र "जलाकी"को आधिकारिक ट्रेलर सार्वजनिक भएको छ। शुक्रबार ललितपुरको लबिम मलमा आयोजित कार्यक्रमबीच सार्वजनिक गरिएको ट्रेलरमा मगर समुदायको संस्कृति, परिवेश र प्रेमकथालाई प्रस्तुत गरिएको छ। चलचित्रमा उपासना अभिनेता सोनम तोप्देनसँग मुख्य भूमिकामा देखिएकी छन्। ट्रेलर सार्वजनिक कार्यक्रममा अभिनेत्री उपासनाले "जलाकी" आफ्नो अभिनय यात्राकै विशेष चलचित्र भएको बताएकी छन् ।

❒ वर्ष ३२ ❒ अंक ९९ ❒ २०८३ कार्तिक १५ गते आइतबार 1 November 2026, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

संक्षिप्त समाचार

इरानद्वारा तीन तेल ट्याङ्कर अवरुद्ध

एजेन्सी

काठमाडौँ, कार्तिक १४/ओमानले शुक्रबार आक्रमणबाट आगलागी भएको व्यापारिक जहाजबाट २५ जना चालक दलका सदस्यको उद्धार गरेको जनाएको छ । यसैबीच, इरानले 'स्ट्रेट अफ होर्मुज' पार गर्ने प्रयासमा रहेका तीनवटा तेल ट्याङ्कर रोकेको जनाएको छ । फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेपछि सुरु भएको युद्धका कारण तेहरानले विश्वको करिब पाँच भागको एक भाग तेल ओसारपसार हुने उक्त जलमार्गमा आवागमन अवरुद्ध गर्दै आएको छ । ओमानको समुद्री सुरक्षा केन्द्रका अनुसार पानामाको झण्डा बोकेको 'आरआईटीआई' नामक व्यापारिक जहाजमाथि आक्रमण हुँदा आगलागी भएको थियो । त्यसपछि ओमानी नौसेनाले जहाजमा रहेका २५ जनालाई उद्धार गरेको हो । उनीहरूलाई आवश्यक स्वास्थ्य उपचारसमेत प्रदान गरिएको विज्ञप्तिमा उल्लेख छ । जहाज ट्र्याकिङ वेबसाइट मरिन ट्राफिकका अनुसार उक्त जहाज कच्चा तेल बोक्ने ट्याङ्कर हो । यसैबीच, अमेरिकी सेन्ट्रल कमान्डका प्रमुख ब्राड कूपरले अमेरिकी सेनाले स्ट्रेट अफ होर्मुजका अन्तरराष्ट्रिय जलमार्गमा रहेका समुद्री बारुदी सुरुङ हटाएको बताएका छन् ।

पाल्पामा विपद्को दोहोरो मार : एक दशकमा १०२ को मृत्यु, पछिल्लो बाढीपहिरोले ३७ करोड बढीको क्षति

कृष्ण पोखरेल

पाल्पा, कार्तिक १४/पाल्पामा पछिल्लो १० वर्षको अवधिमा विपद्जन्य घटनामा परी १ सय २ जनाले ज्यान गुमाएका छन् । बाढी, पहिरो, वर्षालगायतका विपद्का घटनामा परी ३ सय ५८ जना घाइते भएका छन् भने पाँच जना अझै बेपत्ता रहेको जिल्ला विपद् व्यवस्थापन समितिले जनाएको छ । समितिका अनुसार २०७४ साउनदेखि २०८३ असारसम्मको अवधिमा ९७ जनाको मृत्यु भएको थियो । गत महिना असोजमा आएको बाढीपहिरो तथा वर्षाका कारण थप पाँच जनाले ज्यान गुमाएपछि विपदमा परी मृत्यु हुनेको संख्या १ सय २ पुगेको हो ।

गत असोज ८ देखि ११ गतेसम्म परेको अविरल वर्षापछि आएको बाढी र पहिरोले जिल्लामा ठूलो भौतिक तथा आर्थिक क्षति समेत पुऱ्याएको छ । प्रारम्भिक विवरणअनुसार सडक, सिँचाइ, तटबन्ध, खानेपानी, कृषि तथा पशुपन्छी क्षेत्रमा गरी करिब ३७ करोड ७५ लाख

३६ हजार ६ सय ९२ रुपैयाँ बराबरको क्षति भएको समितिले जनाएको छ ।

कृषि क्षेत्रमा डेढ करोडको क्षति

असोज महिनामा आएको बाढीका कारण पाल्पामा कृषि बालीतर्फ मात्रै एक करोड ४९ लाख ९५ हजार ६ सय ९२ रुपैयाँ बराबरको क्षति भएको छ । कृषि ज्ञान केन्द्र पाल्पाका अनुसार बगनासकालीमा सबैभन्दा बढी २४ लाख ३७ हजार ४५२ रुपैयाँ, रामपुरमा २४ लाख ७८ हजार रुपैयाँ, तानसेनमा १९ लाख ५० हजार रुपैयाँ र तिनाउमा १४ लाख ७० हजार रुपैयाँ बराबरको कृषि बाली नष्ट भएको छ । त्यस्तै माथागढीमा ५६ लाख, पूर्वखोलामा सात लाख छ हजार, रम्भामा दुई लाख ६४ हजार र निस्दीमा ९० हजार २४० रुपैयाँ बराबरको क्षति भएको केन्द्रले जनाएको छ । यस्तै बाढी र वर्षाले पशुपन्छी तथा मत्स्य क्षेत्रमा समेत ठूलो क्षति पुऱ्याएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका अनुसार असोज ८ देखि ११ गतेसम्मको वर्षाका कारण जिल्लामा ४५ लाख ७५ हजार रुपैयाँ बराबरको क्षति भएको छ । जसमध्ये बगनासकाली गाउँपालिकामा सबैभन्दा बढी २७ लाख ७० हजार रुपैयाँ, तानसेन नगरपालिकामा १० लाख ८५ हजार रुपैयाँ र माथागढी गाउँपालिकामा सात लाख २० हजार रुपैयाँ बराबरको क्षति भएको छ ।

१२९ घर तथा संरचनामा क्षति

वर्षा, बाढी र पहिरोका कारण जिल्लाका विभिन्न स्थानीय तहमा घर तथा भौतिक संरचनामा समेत क्षति पुगेको छ । तिनाउ गाउँपालिकामा सातवटा घर पूर्ण रूपमा र एउटा आंशिक रूपमा क्षति भएका छन् । रैनादेवी छहरा गाउँपालिकामा तीनवटा घर पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् भने ५५ वटा संरचनामा क्षति पुगेको विवरण प्राप्त भएको छ । त्यस्तै पूर्वखोला गाउँपालिकामा ६३ वटा घर तथा संरचनामा क्षति पुगेको छ। समग्रमा १२९ घर तथा संरचनामा क्षति पुगेको विवरण सार्वजनिक भएको छ ।

सिँचाइ आयोजना र तटबन्ध निर्माणमा झण्डै १३ करोड आवश्यक

बाढीपहिरोले सिँचाइ तथा नदी नियन्त्रणका संरचनामा पनि ठूलो क्षति पुऱ्याएको छ । जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका अनुसार जिल्लाका १४ वटा सिँचाइ आयोजनामा क्षति पुगेको छ । ती आयोजनाको पुनर्निर्माण तथा मर्मतका लागि तीन करोड ९५ लाख रुपैयाँ आवश्यक पर्ने कार्यालयले जनाएको छ । त्यस्तै माडीफाँट क्षेत्रमा तटबन्ध निर्माणका लागि आठ करोड ८६ लाख ६६ हजार रुपैयाँ लाग्ने अनुमान गरिएको छ । सिँचाइ आयोजना र तटबन्ध निर्माणमा मात्रै करिब १२ करोड ८१ लाख ६६ हजार रुपैयाँ आवश्यक देखिएको छ ।

संघीय सडकमा १६ करोड ८३ लाखको क्षति

बाढीपहिरोका कारण पाल्पाका मुख्य तथा सहायक सडकहरूमा समेत व्यापक क्षति पुगेको छ । डिभिजन सडक कार्यालय पाल्पाअन्तर्गतका छवटा सडक आयोजनाको मर्मत तथा पुन:सञ्चालनका लागि १६ करोड ८३ लाख रुपैयाँ खर्च लाग्ने प्रारम्भिक अनुमान गरिएको छ । सिद्धार्थ राजमार्गका विभिन्न स्थानमा पहिरो खस्नुका साथै सडक भासिएको छ । उक्त सडक मर्मतका लागि एक करोड ९० लाख रुपैयाँ आवश्यक पर्ने अनुमान छ । *-बाँकी अन्तिम पेजमा...*

अवैध लागूऔषध सहित विभिन्न स्थानबाट १३ जना पक्राउ

पाल्पा, कार्तिक १४/प्रहरीले देशका विभिन्न जिल्लाबाट अवैध लागूऔषधसहित १३ जनालाई पक्राउ गरेको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार बर्दिया, सुनसरी, लमजुङ, कैलाली, पर्सा, झापा र काठमाडौँबाट अवैध लागूऔषधसहित १३ जनालाई पक्राउ गरिएको हो ।

काठमाडौँको चुच्चेपाटी र जडिबुटीबाट ब्राउनसुगर जस्तो देखिने पदार्थसहित तीन जना पक्राउ परेका छन् । त्यस्तै, झापाको खयरबारीबाट दुई जना, पर्साको वीरगञ्जबाट नियन्त्रित लागूऔषधसहित एक जना पक्राउ परेका छन् । यसैगरी कैलालीको धनगढी र भजनीबाट तीन जना, लमजुङको बेसीशहरबाट एक जना, सुनसरीको लौकहीबाट दुई जना तथा बर्दियाको कर्णाली पुलबाट एक जना पक्राउ परेका हुन् । पक्राउ परेकाहरूको साथबाट ब्राउनसुगर जस्तो देखिने पदार्थ तथा डाईजेपाम, फेनारगन र बुप्रेनोर्फिन गरी विभिन्न परिमाणका लागूऔषध बरामद गरिएको प्रहरीले जनाएको छ । प्रहरीले कैलालीबाट एक थान मोटरसाइकलसमेत बरामद गरेको छ । पक्राउ परेका सबैमाथि आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

गड्यौले मल उत्पादनमा किसानको आकर्षण

कपिलवस्तु, कार्तिक १४/ माटोको उर्वराशक्ति घट्दै गएको अवस्थामा कपिलवस्तुका कृषक गड्यौले मल उत्पादन तथा प्रयोगमा लागेका छन् ।

जैविक पदार्थबाट तयार हुने गड्यौले मलले माटोको गुणस्तर सुधार गर्न र बाली उत्पादन बढाउन सहयोग गर्ने भए पनि जिल्लामा यसको उत्पादन र प्रयोग भने सीमित रहेको छ । यशोधरा गाउँपालिकास्थित चाँदनी एकीकृत कृषि फर्मले २०७९ सालदेखि गड्यौला पालनसम्बन्धी तालिम, गड्यौलाको बीउ तथा आवश्यक सामग्री उपलब्ध गराउँदै आएको छ । फर्मले १५ वटा पिटमार्फत मासिक करिब तीन हजार किलो गड्यौले मल उत्पादन गर्दै आएको छ । उत्पादित मल प्रतिकिलो ३० का दरले बिक्री भइरहेको छ । गाईभैंसीको गोबर, तरकारीका बोक्रा, पातपतिङ्गरलगायत कुहिने जैविक पदार्थबाट तयार गरिने यस मलको प्रयोगले माटोको संरचना सुधार गर्न, चिस्यान कायम राख्न र बिरुवालाई

आवश्यक पोषकतत्व उपलब्ध गराउन मद्दत पुग्छ । कृषकले आफ्नै खेतबारीमा प्रयोग गर्नुका साथै बढी भएको मल र गड्यौलाको बीउ बिक्री गरेर आम्दानीसमेत गर्न सक्छन् ।

यशोधरा गाउँपालिका-३ बहडिलवाका कृषक कृष्णनन्द कोहारले बोडीखेतीमा गड्यौले मल प्रयोग गर्दा उत्पादन दोब्बर भएको अनुभव सुनाए । उनका अनुसार गड्यौले मलको प्रयोगले खेतीको उत्पादन बढाउन सहयोग पुगेको छ । यशोधराका अन्य कृषकले तरकारी, धान, मकै, गहुँ र आलुलगायत बालीमा गड्यौले मलको प्रयोग गर्दै आएका छन् । कृषि ज्ञान केन्द्र कपिलवस्तुका प्रमुख घनश्याम चौधरीले जिल्लामा गड्यौले मल उत्पादन तथा प्रयोग गर्ने कृषकको यकिन तथ्याङ्क उपलब्ध नरहेको बताए । रासायनिक मलको विकल्पका रूपमा गड्यौले मल उपयोगी भए पनि आवश्यक परिमाणमा उत्पादन गरी सबै कृषकसम्म पुऱ्याउन कठिन रहेको प्रमुख चौधरीले बताए । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

सम्पादकीय

साइबर सुरक्षा र चुनौती

वर्तमान युग सूचना तथा प्रविधिको युग हो । इन्टरनेट र डिजिटल प्रविधिको तीव्र विकाससँगै मानव जीवनका अधिकांश गतिविधि अनलाइन माध्यमबाट सञ्चालन हुन थालेका छन् । शिक्षा, स्वास्थ्य, बैंकिङ, व्यापार, सञ्चार तथा सरकारी सेवासमेत डिजिटल प्रविधिमा निर्भर हुँदै गएका छन् । प्रविधिको विकासले मानव जीवनलाई सहज र सरल बनाएको छ तर यससँगै साइबर अपराध र डिजिटल सुरक्षाको चुनौती पनि बढ्दै गएको छ । आज साइबर अपराध कुनै प्राविधिक समस्या मात्र होइन, नागरिकको सम्पत्ति, गोपनीयता, सामाजिक प्रतिष्ठा र राष्ट्रिय सुरक्षासमेत प्रभावित गर्ने गम्भीर चुनौती बनेको छ ।

पछिल्ला वर्षका तथ्यांकले साइबर अपराधको विस्तार चिन्ताजनक रहेको देखाउँछ । सामाजिक सञ्जालको दुरुपयोग, अनलाइन बैंकिङ ठगी, फिसिङ, नक्कली अनलाइन व्यापार, डिपफेक तथा कृत्रिम बुद्धिमत्ताको दुरुपयोगजस्ता अपराध तीव्ररूपमा बढिरहेका छन् । दैनिक नागरिकहरु ठगीको सिकार भइरहेका छन् । अनलाइनबाट केही सामान किन्न खोज्दा लाखौं रुपियाँ बैंक खाताबाट गायब हुने घटना पनि अपवाद रहेन । यस समस्याको समाधानका लागि सबैभन्दा पहिले नागरिकमा साइबर सुरक्षासम्बन्धी चेतना र डिजिटल साक्षरता अभिवृद्धि गर्न आवश्यक छ । बलियो पासवर्ड प्रयोग गर्ने, अपरिचित लिंक तथा सन्देशबाट सतर्क रहने र आफ्नो व्यक्तिगत विवरण सुरक्षित राख्ने बानी विकास गर्नुपर्छ । त्यस्तै विद्यालय तथा विश्वविद्यालयको पाठ्यक्रममा साइबर सुरक्षा र डिजिटल नैतिकतासम्बन्धी विषयलाई प्राथमिकता दिनुपर्छ । सरकारले पनि साइबर अपराध नियन्त्रणका लागि प्रभावकारी कानुनी व्यवस्था, दक्ष जनशक्ति, आधुनिक प्रविधि र अनुसन्धान प्रणालीको विकास गर्नुपर्छ । साइबर अपराधका घटनामा छिटो अनुसन्धान तथा पीडितलाई न्याय दिलाउने व्यवस्था सुनिश्चित गर्नु राज्यको दायित्व हो । साथै सरकारी तथा निजी संस्थाहरूले आफ्ना डिजिटल प्रणालीको नियमित सुरक्षा परीक्षण र तथ्याङ्क संरक्षणमा विशेष ध्यान दिनुपर्छ । प्रविधिको विकासलाई सुरक्षित, विश्वसनीय र मर्यादित बनाउने जिम्मेवारी सरकारको मात्र होइन, प्रत्येक नागरिकको पनि हो । डिजिटल संसारमा सुरक्षित रहनु आजको आवश्यकता र भविष्यको आधार हो । त्यसैले साइबर सुरक्षालाई व्यक्तिगत सावधानी, संस्थागत जिम्मेवारी र राज्यको प्राथमिकताका रूपमा स्थापित गर्न जरुरी छ । सुरक्षित डिजिटल वातावरण निर्माण गर्न सके मात्र प्रविधिको वास्तविक लाभ लिन सकिन्छ । तसर्थ साइबर सुरक्षा अब विकल्प होइन, डिजिटल भविष्यको अनिवार्य आधार हो । यसप्रति सरकारको ध्यान आकृष्ट हुन जरुरी छ ।

Opinion @ Social Network

सबैको सोच बदल्न सकिदैन,
बस आफ्नो भबिष्य चाहिँ सकिन्छ कोसिस गर्नुस् हैं ।
(बिरु थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Biru.Thapa)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

तानसेनको पर्यटन नीति : सम्भावना, प्राथमिकता र कार्यान्वयनको चुनौती

डा. श्रीमणि राज खनाल

तानसेन नेपालको ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक पहिचान बोकेको विशिष्ट सहर हो । यसको भौगोलिक अवस्थिति, शीतल हावापानी, श्रीनगरको प्राकृतिक सौन्दर्य, ऐतिहासिक दरबार, पुरानो बजारको मौलिकता, मठमन्दिर, जातीय तथा सांस्कृतिक विविधता र रैथाने उत्पादनले यसलाई पर्यटनको आकर्षक गन्तव्य बनाउने पर्याप्त आधार दिएका छन् । तर यति धेरै सम्भावना हुँदाहुँदै पनि तानसेनले अपेक्षित पर्यटकीय गति लिन सकेको छैन । पर्यटकीय सम्भावना र वास्तविक उपलब्धिबीचको यही दूरी कम गर्न तानसेन नगरपालिकाले पर्यटन नीति, २०८३ सार्वजनिक गरेको छ । यो प्रयास स्वागतयोग्य छ । अब मुख्य प्रश्न नीति बन्यो कि बनेन भन्ने होइन, यसले तानसेनको पर्यटनमा कस्तो परिवर्तन ल्याउँछ भन्ने हो । नीतिको पृष्ठभूमिमा तानसेनको पर्यटन विकासका लागि आवश्यक आधारभूत नीति, रणनीति र संस्थागत संरचनाको अभावलाई स्वीकार गरिएको छ । विगतमा भएका विभिन्न प्रयास, अध्ययन, सुझाव र निजी क्षेत्रका गतिविधिलाई योजनाबद्ध तथा दिगो विकासको लक्ष्यसँग जोड्नुपर्ने आवश्यकतालाई नीतिले औंल्याएको छ । यस अर्थमा नीति केवल पर्यटकीय स्थलको सूची होइन, तानसेनको पर्यटनलाई व्यवस्थित आर्थिक तथा सामाजिक गतिविधिमा रूपान्तरण गर्ने प्रयासका रूपमा आएको देखिन्छ । नीतिले तानसेनलाई 'लिभिङ हेरिटेज सिटी' अर्थात् जीवित सम्पदा सहरका रूपमा स्थापित गर्ने, 'क्लिन एन्ड ग्रिन सिटी' को अवधारणालाई अघि बढाउने, आन्तरिक तथा बाह्य पर्यटकको संख्या बढाउने, स्थानीय उत्पादन र सेवाको प्रवर्द्धन गर्ने तथा रोजगारी सिर्जना गर्ने लक्ष्य लिएको छ । प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक र सामाजिक विविधताको उपयोग गर्दै पर्यटनका नयाँ वस्तु तथा गन्तव्य पहिचान, विकास र विविधीकरण गर्ने सोच पनि यसमा समेटिएको छ । यी लक्ष्य तानसेनको वास्तविक पहिचानसँग मेल खाने र दीर्घकालीन महत्व राख्ने विषय हुन् । नीतिको अर्को सकारात्मक पक्ष पर्यटनलाई एउटै क्षेत्र वा गतिविधिमा सीमित नराख्नु हो । सम्पदा संरक्षण, धार्मिक तथा आध्यात्मिक पर्यटन, पर्यावरणीय पर्यटन, शिक्षा, स्वास्थ्य, कृषि र खेलकुदमा आधारित पर्यटनलाई समेत यसले समेटेको छ । सामुदायिक वन, सिमसार, जैविक विविधता, पदमार्ग, घरबास, बर्डवाचिङ, वनस्पति उद्यानजस्ता सम्भावनाको खोजी गर्ने प्रस्तावले तानसेनको पर्यटनलाई विविधता दिन सक्छ । त्यस्तै, पुरानो बजारको मौलिकता संरक्षण, सम्पदायुक्त निजी घरहरूको अभिलेखीकरण, दरबार परिसरलाई सम्पदा क्षेत्रका रूपमा विकास र स्थानीय जातीय संस्कृतिको संग्रहालय स्थापना गर्ने सोच पनि उल्लेखनीय छन् । तर पर्यटन विकासको सफलता नीति कति व्यापक छ भन्ने कुराले मात्र निर्धारण गर्दैन । पर्यटकले गन्तव्यमा पुगेर के अनुभव गर्छ, कति समय बिताउँछ, कति खर्च गर्छ र फर्केपछि अरूलाई त्यहाँ जान कत्तिको सिफारिस गर्छ भन्ने कुराले यसको वास्तविक सफलता देखाउँछ । तानसेनको पर्यटनबारे यसअघि उठाइएको एउटा आधारभूत प्रश्न अझै सान्दर्भिक छ– पर्यटक तानसेन किन आउने, यहाँ आएपछि के हेर्ने, कसरी रमाउने र फेरि किन फर्कने ? पर्यटकीय स्थलको सूची हुनु र पर्यटकका लागि आकर्षक अनुभव उपलब्ध हुनु फरक कुरा हुन् । श्रीनगरमा दृश्यावलोकन गर्ने अवसर छ, पुरानो बजारमा इतिहास र वास्तुकला छ, रानीमहलमा ऐतिहासिक आकर्षण छ, धार्मिक स्थलहरूमा आस्था र संस्कृति छ । तर यी सबैलाई जोडेर पर्यटकले सहज रूपमा अनुभव गर्न सक्ने कार्यक्रम, पदमार्ग, निर्देशित भ्रमण, स्थानीय खानपान र सांस्कृतिक गतिविधि कति व्यवस्थित छन् भन्ने प्रश्नको उत्तर खोज्नुपर्छ । पर्यटन नीतिमा ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनका लागि परियोजना तयार गर्ने, विभिन्न तहका सरकार, पर्यटन बोर्ड, समुदाय र निजी क्षेत्रलाई परिचालन गर्ने अवधारणा छ । तानसेन बजारका सम्पदायुक्त टोलको मौलिकता कायम राख्दै सौन्दर्यीकरण गर्ने र दरबार परिसरलाई पर्यटकीय आकर्षणका रूपमा विकास गर्ने सोच पनि सकारात्मक छ । तर सम्पदा संरक्षण भनेको पुराना घर र भवनको बाहिरी स्वरूप जोगाउनु मात्र होइन । तीसँग जोडिएको जीवनशैली, परम्परा, सीप, भाषा, खानपान, जात्रा र स्थानीय समुदायको सक्रियतालाई पनि संरक्षण गर्नुपर्छ । तानसेनको ढाका, करुवा, स्थानीय परिकार र परम्परागत सीपलाई पर्यटकले हेर्न, बुझ्न र खरिद गर्न पाउने अनुभवमा रूपान्तरण गर्न सकियो भने स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष योगदान पुग्छ । पर्यटकको बसाइ अवधि बढाउनु अर्को महत्वपूर्ण विषय हो । तानसेनमा पर्यटक आएर केही घण्टा घुमेर फर्किने अवस्थालाई परिवर्तन गर्नुपर्छ । त्यसका लागि पर्यटकीय स्तरका होटल, व्यवस्थित घरबास, गुणस्तरीय भोजन, यातायात, सूचना सेवा, सार्वजनिक शौचालय, सरसफाइ र सुरक्षित घुमफिरको व्यवस्था आवश्यक हुन्छ । नीतिमा पाँचतारे स्तरको होटल स्थापनाका लागि जग्गा उपलब्ध गराउने प्रक्रिया अघि बढाउने विषयसमेत उल्लेख छ । यो महत्वपूर्ण सम्भावना हो । तर ठूला होटलको प्रतीक्षामा मात्र पर्यटन विकासलाई सीमित गर्नु हुँदैन । मध्यमस्तरका होटल, मौलिक चरित्र भएका बुटिक आवास, पारिवारिक घरबास र स्थानीय खानपानका केन्द्रलाई पनि प्रोत्साहन गर्नुपर्छ । पर्यटकको आवश्यकता र बजेटअनुसार बसोबासका विविध विकल्प उपलब्ध हुनु आवश्यक छ । नीतिले शिक्षा तथा स्वास्थ्यमा आधारित पर्यटनको सम्भावनासमेत पहिचान गरेको छ । पर्यटन तथा होटल व्यवस्थापनका पाठ्यक्रम सञ्चालन, शैक्षिक संस्थासँग सहकार्य, स्वास्थ्य सेवाको स्तरोन्नति र छिमेकी जिल्ला तथा भारतबाट समेत उपचारका लागि आउने वातावरण बनाउने प्रस्ताव यसका उदाहरण हुन् । यस्ता कार्यक्रमले पर्यटनलाई परम्परागत घुमफिरभन्दा फराकिलो आर्थिक गतिविधिसँग जोड्न सक्छन् । तर यी प्रस्ताव कार्यान्वयन गर्न सम्बन्धित संस्थासँग स्पष्ट जिम्मेवारी, लगानी र समयसीमा निर्धारण गर्नुपर्छ । नीतिमा रिडीदेखि रेसुङ्गासम्म धार्मिक तथा पौराणिक क्षेत्र जोड्ने पदयात्रा मार्गको सम्भाव्यता अध्ययन, अन्य पालिकासँगको सहकार्यमा पाल्पालाई आलमदेवीसँग जोड्ने पदमार्ग र तानसेन चक्रपथ निर्माणको अवधारणा पनि उल्लेख छ । यी प्रस्तावले तानसेनलाई आसपासका गन्तव्यसँग जोडेर पर्यटकको बसाइ लम्ब्याउन मद्दत गर्न सक्छन् । तर पदमार्गको निर्माणसँगै त्यसको सुरक्षा, संकेत चिह्न, विश्रामस्थल, खानेपानी, स्थानीय गाइड र नियमित मर्मतको व्यवस्था पनि उत्तिकै महत्वपूर्ण हुन्छ । नीतिको एउटा बलियो पक्ष अनुगमन र मूल्याङ्कनलाई महत्व दिनु हो । काम योजनाअनुसार अघि बढेको छ कि छैन, कुन गतिविधि कहिले सुरु र सम्पन्न भयो, कति बजेट खर्च भयो र जिम्मेवारी कसले निर्वाह गऱ्यो भन्ने विषयमा अनुगमन फाराम बनाउने व्यवस्था उल्लेख छ । होटल तथा घरबासमा पर्यटकको संख्या, आम्दानी, सेवा गुणस्तर र प्रभावसम्बन्धी सूचकाङ्कसहित मासिक प्रगति विवरण लिने सोच पनि राखिएको छ । यो कार्यान्वयनका दृष्टिले महत्वपूर्ण आधार हो । तर अनुगमनलाई कागजी प्रतिवेदनमा सीमित नगरी सार्वजनिक जवाफदेहितासँग जोड्नुपर्छ । यहींनेर नीतिको कार्यान्वयन पक्षमा केही प्रश्न उठ्छन् । नीतिमा समेटिएका सबै कार्यक्रम एकैपटक सञ्चालन गर्न सम्भव हुँदैन । त्यसैले तत्काल गर्न सकिने, मध्यम अवधिमा पूरा गर्नुपर्ने र दीर्घकालीन लगानी आवश्यक पर्ने कार्यक्रम छुट्याउनुपर्छ । प्रत्येक कार्यक्रमको प्राथमिकता, अनुमानित लागत, बजेटको स्रोत, जिम्मेवार निकाय र सम्पन्न गर्ने समयसीमा स्पष्ट हुनुपर्छ । निजी क्षेत्र र समुदायको लगानी परिचालन गर्ने भनिए पनि त्यसका लागि पारदर्शी प्रक्रिया, प्रोत्साहन र सहकार्यको व्यावहारिक ढाँचा आवश्यक हुन्छ । नीति कार्यान्वयन योजना बोर्ड बैठकबाट आवश्यकताअनुसार कार्यक्रम समावेश गर्दै जाने व्यवस्थामा आधारित देखिएकाले यसलाई नियमित बजेट, वार्षिक कार्ययोजना र सार्वजनिक प्रगति विवरणसँग जोड्नु अझ आवश्यक छ । पर्यटन विकास नगरपालिकाको एकल जिम्मेवारी मात्र होइन । होटल व्यवसायी, यातायात व्यवसायी, स्थानीय उद्यमी, सांस्कृतिक समूह, घरधनी, युवा, नागरिक समाज र स्थानीय बासिन्दा सबै यसका साझेदार हुन् । पर्यटकलाई राम्रो व्यवहार गर्ने संस्कार, स्वच्छ वातावरण, उचित मूल्य, भरपर्दो सूचना र सुरक्षित सेवा पनि पर्यटनका आधारभूत पूर्वाधार हुन् । स्थानीय युवालाई गाइड, आतिथ्य सेवा, डिजिटल प्रचार, हस्तकला र साहसिक पर्यटनका क्षेत्रमा सीप तथा उद्यमशीलताको अवसर दिन सकियो भने पर्यटनले रोजगारी सिर्जना गर्ने नीतिगत लक्ष्यलाई व्यवहारमा उतार्न सक्छ । तानसेनको प्रचारप्रसार पनि नयाँ ढङ्गले गर्न आवश्यक छ । केवल सुन्दर तस्बिर र आकर्षक नाराले पर्यटकलाई लामो समयसम्म रोक्न सक्दैन । पर्यटकले यहाँ के गर्न सक्छ, कहाँ बस्न सक्छ, कस्तो खाना खान सक्छ, कुन पदमार्ग हिँड्न सक्छ र कुन समयमा सांस्कृतिक कार्यक्रम हेर्न सक्छ भन्ने जानकारी सहज रूपमा उपलब्ध हुनुपर्छ । डिजिटल सूचना प्रणाली, व्यवस्थित पर्यटकीय नक्सा, आधिकारिक वेबसाइट, सामाजिक सञ्जाल र स्थानीय गाइडको समन्वयले यसमा सहयोग पुऱ्याउन सक्छ । तानसेन पर्यटन नीति, २०८३ ले सम्भावनाको पहिचान र संस्थागत दिशानिर्देशका दृष्टिले महत्वपूर्ण आधार तयार गरेको छ । अब यसको सफलता नारामा होइन, परिणाममा मापन हुनुपर्छ । वार्षिक पर्यटक आगमन, औसत बसाइ अवधि, पर्यटकको खर्च, होटल तथा घरबासको उपयोग, स्थानीय उत्पादनको बिक्री, सिर्जना भएका रोजगारी र पर्यटक सन्तुष्टिजस्ता सूचकका आधारमा प्रगति मूल्याङ्कन गर्न सकिन्छ । अन्ततः तानसेनलाई पर्यटकीय गन्तव्य बनाउने काम यसको ऐतिहासिक गौरवको वर्णन गरेर मात्र पूरा हुँदैन । त्यो गौरवलाई आजको पुस्ताले अनुभव गर्न सक्ने र भोलिको पुस्ताले गर्व गर्न सक्ने जीवन्त सम्पदामा रूपान्तरण गर्नुपर्छ । पर्यटकलाई बोलाउने मात्र होइन, स्वागत गर्ने वातावरण बनाउनेह घुमाउने मात्र होइन, रमाउने अवसर दिनेह एकपटक आउने मात्र होइन, फेरि फर्केर आउन मन लाग्ने गन्तव्य बनाउने हाम्रो लक्ष्य हुनुपर्छ । तानसेनले पर्यटन नीति बनाएको छ । अब नीति कार्यान्वयनको इच्छाशक्ति, स्पष्ट प्राथमिकता र सबै पक्षको सहकार्य देखिनुपर्छ । पर्यटनको विकासले स्थानीय उत्पादन, रोजगारी, उद्यम र आम्दानीमा प्रत्यक्ष परिवर्तन ल्याउन सके मात्र 'समुन्नत तानसेन' निर्माणको लक्ष्य सार्थक हुनेछ । नीति कागजमा होइन, पर्यटकको अनुभवमा देखिनुपर्छह यसको उपलब्धि प्रतिवेदनमा मात्र होइन, तानसेनवासीको जीवनस्तरमा प्रतिबिम्बित हुनुपर्छ ।

(लेखक प्रशासनिक क्षेत्रमा चार दशकभन्दा लामो अनुभव हासिल गरेका अनुभवी व्यक्तित्व समेत हुन् । हाल उनी शङ्करदेव क्याम्पसमा प्राध्यापनरत छन् । सार्वजनिक प्रशासन, व्यवस्थापन, संस्थागत विकास तथा नीतिगत विषयमा विशेष रुचि राख्नुहुने उनी समसामयिक आर्थिक, सामाजिक तथा सार्वजनिक नीतिका विषयमा लेखन र विश्लेषण गर्छन् ।)

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

अस्पताल कार्यालय
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

एम्बुलेन्स न.
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

दैनिक राशिफल

मेष : नयाँ कामप्रति उत्साह र मनमा आशा पलाउनेछ। आराममा ध्यान दिनुहोस्।

वृष : चिन्ता घट्दा मन हलुका हुनेछ। विद्यार्थीले कठिन विषयमा मेहनत बढाउनुहोस्।

मिथुन : नयाँ कुरा सिक्ने चाहना बढ्नेछ। अनावश्यक खर्चले दबाब दिन सक्छ।

कर्कट : अन्योल हट्दा निर्णय लिन सहज हुनेछ। जिम्मेवारी पूरा गर्न ध्यान दिनुहोस्।

सिंह : जागिरका लागि आफ्नो सीप निखार्नुहोस्। थकान लागे आराम गर्नुहोस्।

कन्या : समस्या सुल्झँदा मनमा सन्तोष मिल्नेछ। कामको सूची बनाएर अघि बढ्नुहोस्।

तुला: आफन्तको साथले मनमा भरोसा बढ्नेछ। रोजगारीका अवसर खोज्नुहोस्।

वृश्चिक : समस्या सुल्झाउने हिम्मत आउनेछ। परीक्षाको तयारी नियमित गर्नुहोस्।

धनु : अनुभवले मनमा उत्साह जगाउनेछ। काम वा यात्राको योजना मिलाउनुहोस्।

मकर : काम पूरा हुँदा सन्तुष्टि बढ्नेछ। आम्दानी र खर्चको हिसाब राख्नुहोस्।

कुम्भ: पैसाको लेनदेन स्पष्ट राख्नुहोस्। पर्याप्त निद्राले शरीर फुर्तिलो बनाउनेछ।

मीन : धैर्यले सहजता ल्याउनेछ। सीपबाट आम्दानी बढाउने उपाय खोज्नुहोस्।

कृषि

मनास्लुको स्याउ गोदाममै थन्कियो

बूढीगण्डकी बाढीले पुल र बाटो बगाएपछि उत्तरी गोरखाको मनास्लु क्षेत्रमा उत्पादन भएका स्याउ गोदाममै थन्किएका छन् । ढुवानीको विकल्प नभएपछि गोदाममै स्याउ थन्क्याउनुपर्ने बाध्यता रहेको व्यवसायी लाक्पा डुन्डुप लामाले गुनासो गरे । गत असोस २५ गते चुमनुब्री गाउँपालिका-६ मा हिमपहिरोले उङ्लिुङ खोला थुनिएपछि आएको बाढीले बूढीगण्डकी नदी किनारमा अवस्थित तल्लो तटीय क्षेत्रका दर्जनौं पुल तथा सडक बाटो बगाएको छ । जसका कारण आवतजावतमा समस्या भएको हो । बाढीले उत्तरी गोरखाको लाइफलाइनका रुपमा लिइएको बेनिघाट आरुघाट लार्के सडक पनि अवरुद्ध बनेको छ । चुमनुब्री गाउँपालिकाको सिर्दिबासदेखि आरुघाटको आर्खेतसम्म सडक अवरुद्ध बनेको थियो । गाउँपालिका र गोरखा सडक आयोजनाको पहलमा अस्थायी रुपमा सडक खुलाउने काम भइरहेको भए पनि स्याउ ढुवानी गर्नसक्ने अवस्था भने नरहेको व्यवसायी लाक्पा डुन्डुप बताउछन् । उनी भन्छन्, "गाउँपालिकाले जसोतसो मान्छे हिँड्ने बाटो त बनाएका छन्, तर खच्चड हिँडाउन सकिँदैन । झनै खच्चडमा स्याउ ढुवानी गर्ने त सम्भावना नै छैन ।" लामाले चुमनुब्री गाउँपालिका-४ नाम्रुङस्थित दुई हजार ६५० मिटर उचाइमा अवस्थित बगैँचामा विभिन्न प्रजातिका स्याउखेती गरेका छन्। इन गोरखा प्रोडक्ट प्रालि नामक उहाँको स्याउ फर्ममा यस वर्ष एकलाख केजी स्याउ उत्पादन भएको उनी बताउछन् । गाला, गोल्डेन, रेड डिलिसियस, किङ डेलिसियस र फुजी जातका १२ हजार ५०० बोटमा यसवर्ष एकलाख केजी स्याउ उत्पादन भएको लामाको भनाइ छ । "फुजी थेरै टिप्न बाँकी छ, त्यो बाहेक सबै स्याउ टिपिसक्यौँ । गाला र गोल्डेन डिलिसियस टिपेको एकमहिना भयो । अहिले बिग्रन थालिसके", उनले भने, "भदौ २१ गते गएको थेराङ खोलाको बाढीले लघु जलविद्युत् आयोजना बगाएर विद्युत् नहुँदा ड्रायर पनि चलेको छैन । त्यसैले स्याउको सुकुटी पनि बनाउन पाइएन ।" यस वर्ष स्याउको उत्पादन राम्रो भए तापनि ढुवानीको समस्याका कारण लाखौँ किलो स्याउ खेरजाने अवस्था रहेको उनले गुनासो गरे । मनास्लु क्षेत्रमा उत्पादन भएका स्याउ ढुवानीको समस्या हरेक वर्षको हो । तर, यो वर्ष बाढीले ढुवानीको समस्यालाई थप चर्को बनाएको छ । नाम्रुङ र आसपासका क्षेत्रमा उत्पादन भएका स्याउ खच्चडमार्फत बजारसम्म पुर्याउन करिब एकहप्ता लाग्छ । यसोगर्दा २० देखि २५ प्रतिशत स्याउ खेरजाने हुन्छ । साँघुरो बाटामा स्याउ ठोक्किने र घामले ओइल्याउने हुँदा स्याउ धेरै स्याउ खेरजाने समस्या रहेको किसान बताउँछन् । हेलिमार्फत ढुवानी गर्दा स्याउको मूल्य बढ्न जाने र बिक्री नहुने समस्या हुन्छ । "आधा, आधी स्याउ खेर गए पनि खच्चडमार्फत नै ढुवानी गर्नुहुन्थ्यो । बाढीले पुल, बाटो सबै बिगारेपछि अहिले त्यो विकल्प पनि रहेन । हामी साह्रै मर्कामा छौँ", व्यवसायी लाक्पा डुन्डुप भन्छन् । सडक सञ्जाल नपुगेको यस क्षेत्रमा स्याउलगायत अन्य कृषिजन्य उत्पादन ढुवानी गर्नु कुनै कहर काट्नुभन्दा कम छैन । बाढीले ढुवानी करिब असम्भव जस्तो बनेपछि किसान घाममा सुकाएको भरमा स्याउको सुकुटी र मदिराजन्य पदार्थ बनाउनमा लागेका छन् । धेरै उत्पादन हुनेहरुको भने केही सुकुटी र रक्सी बनाउने र धेरै कुहाउनेबाहेक अरु उपाय छैन ।-*रासस*

तनहुँमा तरकारी र धान खेतीको क्षेत्रफल विस्तार

तनहुँमा व्यावसायिक तरकारी तथा धान खेतीको क्षेत्रफल विस्तार हुँदै गएको छ । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत सञ्चालनमा रहेका तरकारी र धान जोनमार्फत खेतीको क्षेत्रफल बढ्नुका साथै हजारौँ किसान लाभान्वित भएका छन् । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन इकाई गोरखाका वरिष्ठ कृषि विकास अधिकृत पूर्ण ढुङ्गानाका अनुसार तनहुँमा तरकारी जोन सुरु भएयता २१८ हेक्टर र धान जोन सुरु भएयता ८५ हेक्टर क्षेत्रफल वृद्धि भएको छ । तनहुँमा आर्थिक वर्ष २०७५/७६ देखि तरकारी जोन कार्यक्रम सुरु गरिएको थियो । सुरुवातमा ५०५ हेक्टर क्षेत्रफलमा सञ्चालन भएको तरकारी जोन अहिले विस्तार भएर ७२३ हेक्टर पुगेको छ । यस अवधिमा तरकारी खेतीको क्षेत्रफल २१८ हेक्टरले बढेको हो । त्यस्तै, आर्थिक वर्ष २०७९/८० देखि धान जोन कार्यक्रम सुरु गरिएको थियो । सुरुवातमा ५०० हेक्टर क्षेत्रफलमा रहेको धान जोन अहिले विस्तार भएर ५८५ हेक्टर पुगेको छ । धान खेतीको क्षेत्रफल पनि ८५ हेक्टरले वृद्धि भएको छ। तरकारी तथा धान खेतीलाई व्यावसायिक र उत्पादनमुखी बनाउने उद्धेश्यले सञ्चालन गरिएका यी कार्यक्रमले खेतीको क्षेत्रफल विस्तार गर्न सहयोग पुऱ्याएको ढुंगानाले बताए । तनहुँको आँबुखैरेनी गाउँपालिका, व्यास नगरपालिका, बन्दीपुर गाउँपालिका र भानु नगरपालिकामा तरकारी जोन कार्यक्रम सञ्चालन भइरहेको छ । यी क्षेत्रमा तरकारी उत्पादनलाई व्यवस्थित गर्दै व्यावसायिक खेतीको क्षेत्र विस्तार गर्ने उद्धेश्यले कार्यक्रम कार्यान्वयन गरिएको हो । तरकारी जोनअन्तर्गत दुई सहकारी, दुई कृषक समूह र ११ कृषि उद्यमीमार्फत कार्यक्रम सञ्चालन भइरहेको वरिष्ठ कृषि विकास अधिकृत ढुङ्गानाले जानकारी दिए । यस जोनबाट हालसम्म एक हजार ९८९ जना लाभान्वित भएका छन् । किसान, सहकारी, समूह तथा कृषि उद्यमीलाई समेटेर कार्यक्रम सञ्चालन गर्दा उत्पादनलाई व्यावसायिक स्वरूप दिन र कृषि क्षेत्रमा आबद्ध जनशक्तिलाई सङ्गठित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। धान जोन कार्यक्रम तनहुँको व्यास नगरपालिका-८, ९ र ११, भानु नगरपालिका तथा बन्दीपुर गाउँपालिका-१ मा सञ्चालन भइरहेको छ। धान उत्पादनको क्षेत्र विस्तार तथा खेतीलाई व्यावसायिक बनाउने उद्धेश्यले कार्यक्रम कार्यान्वयन गरिएको हो । धान जोनअन्तर्गत दुई सहकारी, दुई कृषक समूह र १० कृषि उद्यमीमार्फत कार्यक्रम सञ्चालन भइरहेको छ । यस कार्यक्रमबाट एक हजार ८३८ जना लाभान्वित भएका छन् । आर्थिक वर्ष २०७९/८० मा पाँच सय हेक्टर क्षेत्रफलबाट सुरु भएको धान जोन अहिले पाँच सय ८५ हेक्टरमा विस्तार भएको छ । तरकारी र धान जोन कार्यक्रमबाट तनहुँमा कुल तीन हजार आठ सय २७ जना लाभान्वित भएका छन्। तीमध्ये तरकारी जोनबाट एक हजार एक सय ८९ र धान जोनबाट एक हजार आठ सय ३८ जना लाभान्वित भएका छन् । दुवै कार्यक्रममार्फत खेतीको क्षेत्रफल विस्तार हुनुका साथै सहकारी, कृषक समूह र कृषि उद्यमीको सहभागितामा कृषि गतिविधि सञ्चालन भइरहेको छ ।-*सेतोपाटी डटकम*

अब किसानका खेतसम्म पुग्नेछन् भाटभटेनीका ईभी, भान्सामै ताजा तरकारी

नेपालको खुद्रा व्यापारको क्षेत्रमा सबैभन्दा ठुलो र प्रतिष्ठित नाम हो, भाटभटेनी सुपरमार्केट । लामो समयदेखि नेपाली उपभोक्ताको पहिलो रोजाइ बनिरहेको यस डिपार्टमेन्ट स्टोरले बेलाबेलामा ग्राहकको सुविधा र बजारको आवश्यकतालाई ध्यानमा राख्दै नयाँ-नयाँ अवधारणा र सेवाहरू भित्र्याउने गरेको छ । भाटभटेनीले उपभोक्ता र किसानलाई सीधै जोड्ने उद्देश्यका साथ एउटा अर्को उदाहरणीय, वातावरणमैत्री र नवप्रवर्तनात्मक अभ्यास थालनी गरेको छ । अब भाटभटेनीले आफ्नो खुद्रा व्यापारको दायरालाई फराकिलो बनाउँदै कृषि क्षेत्रको बजारीकरण र वातावरणीय दिगोपनलाई समेत सँगसँगै बढाउने ऐतिहासिक रणनीति लिएको हो । यसै अनुरुप काठमाडौँ उपत्यकाभित्र सञ्चालित आफ्ना विभिन्न स्टोरहरूका लागि आवश्यक पर्ने ताजा तरकारी तथा फलफूल ढुवानी गर्न भाटभटेनीले पूर्ण रूपमा विद्युतीय सवारी साधन (ईभी) को प्रयोग सुरु गरेको हो । यो कदमले एकातिर उपत्यकाको बिग्रँदो वातावरण संरक्षणमा टेवा पुऱ्याउनेछ भने अर्कोतिर नेपाली किसानले रातदिन पसिना बगाएर उत्पादन गरेका कृषि उपजले सहज र उचित बजार पाउनेछन् । नेपालको कृषि क्षेत्रले लामो समयदेखि भोग्दै आएको सबैभन्दा ठुलो र गम्भीर समस्या भनेको विचौलियाको दबदबा हो । गाउँघरमा किसानले अनेकौँ दुःख कष्ट सहेर, मलखाद र सिँचाइको अभाव झेलेर उत्पादन गरेको तरकारी र फलफूल सहरको बजारसम्म आइपुग्दा धेरै तहका बिचौलिया पार गर्नुपर्ने दर्दनाक बाध्यता छ । यस अवस्थाले गर्दा एकातिर वास्तविक किसानले आफ्नो उत्पादनको लागत मूल्यसमेत उठाउन नसकी सस्तोमा बेच्नुपर्ने अवस्था छ भने अर्कोतिर सहरका उपभोक्ताले तिनै तरकारी र फलफूल खरिद गर्दा अचाक्ली महँगो मूल्य चुकाउनु परिरहेको छ । यही यथार्थलाई गहिरोसँग मनन गर्दै भाटभटेनीले किसान र उपभोक्ताबिचको लामो दूरीलाई घटाउने कदम चालेको हो । यस नयाँ अवधारणाअनुसार अब भाटभटेनी आफैँले किसानसँग ताजा तरकारी खरिद गर्नेछ र आफ्नै विद्युतीय सवारीमार्फत स्टोरसम्म ल्याएर उपभोक्तालाई सीधै बिक्री गर्नेछ । एकै दिन ल्याइयो १२ नयाँ ईभी, जिल्लाजिल्लाबाट आउनेछन् तरकारी यस बृहत् र महत्त्वाकांक्षी योजनालाई मूर्त रूप दिन भाटभटेनीले बिहीबार मात्रै १२ वटा नयाँ मालवाहक विद्युतीय सवारी (ईभी) खरिद गरी सञ्चालनमा ल्याएको छ । यसअघि नै भाटभटेनीको स्वामित्वमा यस्ता २ वटा विद्युतीय सवारी साधन सञ्चालनमा रहेका थिए । अब भने कुल १४ वटा अत्याधुनिक विद्युतीय सवारीले निरन्तर कृषि उपज ढुवानीको जिम्मेवारी सम्हाल्नेछन् । भाटभटेनीले व्यावसायिक र कार्गो प्रयोजनका लागि बजारमा उत्कृष्ट मानिएको 'फोटोन' ब्रान्डका यी नयाँ १२ वटा गाडी ल्याएको हो । काठमाडौँ उपत्यका र आसपास क्षेत्रमा बढ्दै गएको डरलाग्दो वायु प्रदूषण र बर्सेनि अर्बौं रुपैयाँ बाहिरिने पेट्रोलियम पदार्थको बढ्दो आयातले सिर्जना गरेको राष्ट्रिय आर्थिक भारलाई कम गर्न व्यावसायिक घरानाले विद्युतीय सवारीको प्रयोग गर्नु आफैँमा एक सकारात्मक, दूरदर्शी र प्रशंसनीय कार्य हो । डिजेल वा पेट्रोलबाट चल्ने परम्परागत मालवाहक गाडीको सट्टा ब्याट्रीबाट चल्ने वातावरणमैत्री सवारीको प्रयोगले ध्वनि र वायु प्रदूषण दुवैलाई न्यूनीकरण गर्न मद्दत पुग्नेछ । भाटभटेनी सुपरमार्केटका अध्यक्ष मीन बहादुर गुरुङले यस नयाँ सुरुवातबारे जानकारी दिँदै किसानहरूको घरदैलोमै गएर ताजा तरकारी ल्याउन अब वातावरणमैत्री सवारी सञ्चालन हुने स्पष्ट पारे । काठमाडौँ उपत्यकामा दैनिक लाखौँ केजी तरकारी तथा फलफूल खपत हुने गर्दछ । उपत्यकाको यो विशाल मागलाई पूर्ति गर्न भाटभटेनीले अब कालिमाटी वा बल्खु जस्ता परम्परागत थोक बजारको मात्र भर नपरी आफ्नै आपूर्ति संयन्त्र परिचालन गर्नेछ । अध्यक्ष गुरुङका अनुसार, काभ्रे, मकवानपुर, धादिङ, सिन्धुली र सर्लाहीजस्ता कृषि उत्पादनमा अग्रणी मानिएका र उपत्यकासँग सडक सञ्जालले राम्ररी जोडिएका जिल्लाहरूबाट दैनिक रूपमा तरकारी र फलफूल संकलन गरिनेछ । यी जिल्लाहरू काठमाडौँबाट नजिक हुनुका साथै यहाँको हावापानीमा विविध प्रकारका मौसमी तथा बेमौसमी तरकारीहरू प्रशस्त मात्रामा फल्ने गर्दछन् । फोटोनका यी नयाँ विद्युतीय भ्यानहरू दैनिक रूपमा यी जिल्लाका गाउँ-गाउँ र कृषि पकेट क्षेत्रहरूमा पुग्नेछन् । बिहानै शीत नओभाउँदै किसानको बारीबाट टिपिएका ताजा तरकारी केही घन्टाभित्रै बेलुकासम्ममा भाटभटेनीका चिल्ला र सफा र्‍याकहरूमा सजिनेछन् । अध्यक्ष गुरुङ भन्छन्, 'यसले किसानले पनि आफ्नो पसिनाको उचित मूल्य पाउँछन्, र उपभोक्तालाई पनि विचौलिया नहुँदा सस्तो पर्छ र ताजा पाइन्छ । यसैका लागि हामीले इभी प्रयोग गरेका हौँ ।' यसले ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउनुका साथै किसानहरूलाई व्यावसायिक कृषिमा लाग्न र थप उत्पादन गर्न ठुलो हौसला समेत प्रदान गर्नेछ । यसरी ढुवानीमा बचत भएको रकमलाई भाटभटेनीले तरकारीको खुद्रा मूल्यमै समायोजन गरी उपभोक्तालाई अझ सस्तोमा सामान उपलब्ध गराउन सक्नेछ । भाटभटेनीको यो किसान-उपभोक्ता जोड्ने वातावरणमैत्री योजना काठमाडौँ उपत्यकामा मात्र सीमित रहने छैन, विद्युतीय सवारीको प्रयोगलाई उच्च प्राथमिकतामा राख्दै भविष्यमा यसलाई अझै देशव्यापी रूपमा विस्तार गर्ने कम्पनीको दीर्घकालीन लक्ष्य छ । 'इभीको पहिलो चरणमा हामीले १२ वटा गाडी पठाएका छौँ, तर बिस्तारै गाडीको संख्या थप्दै जानेछौँ । उपत्यका बाहिरका भाटभटेनीमा पनि यही अभ्यास गर्ने तयारीमा छौँ,' अध्यक्ष गुरुङले आफ्नो भावी योजना सुनाउँदै भने । हाल काठमाडौँ उपत्यका बाहिर पनि भाटभटेनीका दर्जनौँ ठुला शाखाहरू सञ्चालनमा छन् । निकट भविष्यमै नेपालभरिका प्रमुख सहरका लाखौँ उपभोक्ताले आफ्नै वरपरका गाउँबाट सिधै ल्याइएका ताजा तरकारी विद्युतीय गाडीमार्फत स्टोरमा आएको देख्न र उपभोग गर्न पाउनेछन् ।

-रातोपाटी डटकम

घट्दै कोदो खेती, बजारमा भने माग र मूल्य उच्च

पछिल्लो समय जुम्ला जिल्लामा कोदो खेती गर्ने किसानको सङ्ख्या निरन्तर घट्दै गएको छ । बजारमा कोदोको पिठोको माग उच्च भए तापनि खेती गर्ने किसानको सङ्ख्या भने घट्दै गएको कृषि विकास कार्यालय जुम्लाका प्रमुख रामभक्त अधिकारीले बताएका छन् । कोदोको उत्पादन वृद्धि, खेती विस्तार तथा उपभोग बढाउने लक्ष्यसहित स्थानीय तहहरूले प्रभावकारी कदम चाल्न सकेका छैनन् । रैथाने बालीका रूपमा रहेको लोपोन्मुख कोदो खेतीलाई प्रवर्द्धन गर्न सम्बन्धित निकायले चासो नदेखाएको स्थानीय किसानहरूको गुनासो छ । गाउँघरमा युवा जनशक्तिको वैदेशिक रोजगारी वा अन्य पेसातर्फ आकर्षण बढेकाले खेतीयोग्य जमिन बाँझो छाड्ने क्रम बढेको छ। पाका पुस्ताले मात्र परम्परागत रूपमा यो खेती थामिरहेका छन् । हाल किसानहरू कोदोभन्दा तरकारी र नगदे बालीसजारतर्फ बढी आकर्षित भएका छन् । विशेष गरी जुम्लाका तिला, हिमा, सिंजा, पातारासी र तातोपानी गाउँपालिकामा कोदो उत्पादन बढी हुने गर्दछ । तिला-५ का वडाध्यक्ष ललित शाहीका अनुसार पछिल्लो समय खेती गर्नेको सङ्ख्या घटेको छ । अर्कातर्फ, आन्तरिक पर्यटक र स्थानीय बजारमा कोदोको पिठोको माग उच्च रहेको र हाल प्रतिकेजी दुई सय रुपैयाँसम्ममा बिक्री हुने गरेको व्यापारीहरू बताउँछन् । कृषि विकास कार्यालयको तथ्याङ्कअनुसार गत आर्थिक वर्षमा जुम्ला जिल्लाभर तीन हजार ८५० मेट्रिकटन मात्र कोदो उत्पादन भएको छ, जुन विगतको तुलनामा निकै न्यून हो । हाल यहाँका आठवटै स्थानीय तहमा गरी जम्मा दुई हजार ७४० हेक्टर क्षेत्रफलमा मात्र कोदो खेती भइरहेको छ ।

-हाम्रा कुरा डटकम

क्षयरोग निवारण संस्था पाल्पाको वार्षिक साधारणसभा

तानसेन, कार्तिक १४/नेपाल क्षयरोग निवारण संस्था पाल्पा शाखाले ३८ औं वार्षिक साधारणसभा मनाएको छ । शाखाले 'हामी सबैको प्रतिबद्धता, क्षयरोग नियन्त्रणमा सफलता' भन्ने यस वर्षको नारासहित वार्षिक साधारण सभा मनाएको हो ।

सभाको प्रमुख अतिथि तथा सहायक प्रमुख जिल्ला अधिकारी राजेश पन्थीले उद्घाटन गरेका थिए । सभाको उद्घाटन गर्दै पन्थीले स्वास्थ्य क्षेत्रमा संस्थाले पुर्‍याएको योगदान महत्वपूर्ण रहेको बताए । कार्यक्रममा संस्थाकी केन्द्रीय उपाध्यक्ष तथा निवर्तमान अध्यक्ष शोभा शाक्य, तानसेन नगरपालिका वडा नं. १ का वडाध्यक्ष सुनीलकुमार बस्याल, संस्थाका पूर्व कोषाध्यक्ष त्रिरत्न शाक्य, उद्योग वाणिज्य संघकी उपाध्यक्ष रञ्जना अर्याल, मिसन अस्पतालका निर्देशक डा. रचेल कारख, नेपाल नेत्रज्योति संघका अध्यक्ष बुद्धिप्रसाद शर्मा, लुम्बिनी मेडिकल कलेजका कम्पनी सचिव कृष्णप्रसाद पराजुली, टोल संस्थाका विजयप्रकाश आले र संस्थाका आजीवन सदस्य तारा रसाली लगायतले आ-आफ्ना धारणा राखेका थिए । साधारणसभामा संस्थाका कोषाध्यक्ष सरोजलाल शाक्यले करिब ११ लाख ३४ हजार रुपैयाँ बराबरको आर्थिक कारोबार समेटिएको लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गरेका थिए । सोही अवसरमा संस्थाको विकास, विस्तार तथा सामाजिक सेवामा महत्वपूर्ण योगदान पुर्‍याउनुहुने पूर्व पदाधिकारीहरूलाई सम्मानपत्र तथा मायाको चिनो प्रदान गरी सम्मान गरिएको थियो । कार्यक्रममा तानसेन नगरपालिका वडा नं. १ भित्र क्रियाशील विभिन्न संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूको उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रममा संस्थाका अध्यक्ष विधानप्रसाद श्रेष्ठको अध्यक्षता, संस्थाकी उपाध्यक्ष सुलोचना शाहको स्वागत, सचिव झपेन्द्र गैरेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पाल्पामा विपद्को दोहोरो मार...

...बर्तुङ-तानसेन-रिडी सडकखण्डका नौ स्थानमा क्षति पुगेको छ । यसको मर्मतका लागि दुई करोड ४३ लाख रुपैयाँ लाग्नेछ । त्यस्तै रुद्रवेणी-वामीटक्सार-खर्वाङ सडकका नौ स्थानमा क्षति पुगेकाले मर्मतका लागि तीन करोड रुपैयाँ आवश्यक पर्ने कार्यालयले जनाएको छ । मदन भण्डारी राजमार्गअन्तर्गत पिपलडाँडा-डेढगाउँ-दमराफाँट खण्डका छ स्थानमा सडक मर्मत गर्न दुई करोड २० लाख रुपैयाँ लाग्ने अनुमान छ । कालीगण्डकी करिडोरको हर्मिचौरदेखि पालुङखोलासम्म नौ स्थानमा सडक बगाएको, भासिएको तथा पहिरोले अवरुद्ध पारेको छ । उक्त सडकलाई हालकै स्थानबाट सञ्चालनमा ल्याउन सात करोड ३० लाख रुपैयाँ आवश्यक पर्ने अनुमान गरिएको छ । यस्तै भीमाद-रामपुर-मित्याल-अरुणखोला सडकअन्तर्गत केलादीघाटमा पुलको संरचनामा क्षति पुगेपछि यातायात सञ्चालन बन्द भएको छ । पाल्पातर्फको पुलको माथिल्लो संरचना नदीको बहावतर्फ १३ देखि १७ सेन्टिमिटरसम्म धकेलिएको पाइएको छ । यस विषयमा विस्तृत प्राविधिक अध्ययन भइरहेको डिभिजन सडक कार्यालय पाल्पाका निमित्त प्रमुख पवित्रमणि आचार्यले बताए ।

प्रादेशिक सडक मर्मतमा तीन करोड ७५ लाख लाग्ने

बाढीपहिरोले प्रदेश सरकारअन्तर्गतका आठवटा सडकमा क्षति पुर्‍याएको छ । ती सडक मर्मत गरी पुन: सञ्चालनमा ल्याउन तीन करोड ७५ लाख रुपैयाँ आवश्यक पर्ने सडक पूर्वाधार कार्यालय पाल्पाका प्रमुख सागर मरासिनीले जानकारी दिए । उनका अनुसार तानसेन-रानीमहल सडकखण्डको करिब दुई किलोमिटर क्षेत्र प्रभावित भएको छ । विभिन्न स्थानमा पहिरो खस्नुका साथै रानीमहल नजिक कालीगण्डकी करिडोर क्षेत्रमा सडक भासिएको छ । यसको मर्मत तथा पुनर्निर्माणका लागि एक करोड ५० लाख रुपैयाँ आवश्यक पर्नेछ । हुमिन-सिमल्दी-पूर्वखोला सडकको पाँच सय मिटर क्षेत्रमा पहिरो र नदी कटानका कारण ५० लाख रुपैयाँ बराबरको क्षति भएको छ । बासटारी-झडेवा-दुम्कीबास सडकअन्तर्गत देउगिर क्षेत्रमा सडक चिराचिरा परेको छ भने विभिन्न स्थानमा पहिरो खसेर करिब चार सय मिटर सडक प्रभावित भएको छ । यस सडकको विस्तृत प्राविधिक अध्ययन गर्नुपर्ने कार्यालयले जनाएको छ । रामपुर-कपुरकोट सडकखण्डको बेलडाँडा र आर्यभञ्ज्याङ नजिक सडक भासिएको, चिरा परेको तथा पहिरोको उच्च जोखिम देखिएको छ । तत्काल सडक सञ्चालनमा ल्याउन ५० लाख रुपैयाँ आवश्यक पर्ने अनुमान छ । त्यस्तै काफलडाँडा-केरौली-झडेवा-जगात-ढाबखैरेनी सडकको पाँच सय मिटर क्षेत्रमा दुई स्थानमा पहिरो खस्दा बाटो अवरुद्ध भएको छ । यसको मर्मतमा ५० लाख रुपैयाँ लाग्ने अनुमान गरिएको छ । पूर्वखोला-२, जल्पास्थित पल्लो भञ्ज्याङ-लावे मोटरबाटोको पाँच सय मिटर क्षेत्रमा पहिरो जाँदा सडक अवरुद्ध भएको छ । यसको मर्मतमा ३० लाख रुपैयाँ लाग्नेछ।लामडाँडा-गोरसत-लालपाटी-बधवारी-दोहरा सडकको दुई किलोमिटर क्षेत्रमा कटान हुँदा २० लाख रुपैयाँ बराबरको क्षति पुगेको छ । त्यस्तै प्याकलुक-कालीगण्डकी करिडोर-रातमाटा-खालिवन-जवगादी सडकको प्याकलुक खण्डमा दुई सय मिटर क्षेत्रमा पहिरो जाँदा पुल तथा सडक संरचनामा २५ लाख रुपैयाँ बराबरको क्षति भएको छ ।

७० खानेपानी आयोजनामा क्षति, मर्मतमा साढे दुई करोड आवश्यक

बाढीपहिरोले खानेपानीका संरचनामा पनि ठूलो क्षति पुर्‍याएको छ । खानेपानी तथा सरसफाइ कार्यालयअन्तर्गतका ७० वटा खानेपानी आयोजनामा क्षति पुगेको छ । कार्यालयका अनुसार ती आयोजनाको मर्मत तथा पुन: सञ्चालनका लागि दुई करोड ४० लाख रुपैयाँ आवश्यक पर्नेछ ।

सम्भावित विपद् जोखिम न्यूनीकरण गर्न प्रशासनको निर्देशन

यस वर्ष पनि बेमौसमी वर्षा हुन सक्ने सम्भावनालाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालयले नागरिकलाई सतर्क रहन र सम्बन्धित निकायलाई पूर्वतयारी अवस्थामा रहन निर्देशन दिएको छ । प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डेका अनुसार सम्भावित विपद्बाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण गर्न सबै निकायलाई जिम्मेवार भएर काम गर्न आग्रह गरिएको छ।पाल्पाका संघीय सांसद, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, जिल्लामा सक्रिय राजनीतिक दलका प्रतिनिधि, १० वटै स्थानीय तहका प्रमुख तथा अध्यक्ष र सरकारी कार्यालयका प्रमुखहरूको बैठकले विपद् जोखिम न्यूनीकरणका लागि सबै पक्ष आ-आनो कार्यक्षेत्रमा सक्रिय रहने निर्णय गरेको छ । बैठकले सम्भावित जोखिमलाई ध्यानमा राख्दै पूर्वतयारी, सावधानी र समन्वयलाई प्रभावकारी बनाउने तथा विपद्जन्य घटनाबाट हुन सक्ने थप क्षति रोक्न सबै पक्ष जिम्मेवार भएर परिचालित हुने निष्कर्ष निकालेको छ ।

खेलकुद समाचार

लुम्बिनी लायन्स र चितवन राइनोजबीचको खेल रद्द



काठमाडौं, कार्तिक १४/ तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपीएल) अन्तर्गत शनिबार हुने लुम्बिनी लायन्स र चितवन राइनोजबीचको खेल रद्द भएको छ । लगातारको झरीले मैदान खेलाउन योग्य नभएपछि लुम्बिनी र चितवनबीचको खेल रद्द गरिएको नेपाल क्रिकेट संघ (क्यान) का सचिव पारस खड्काले जानकारी दिए । उनका अनुसार वर्षाका कारण कीर्तिपुरमा रहेको त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट मैदान पूरै भिजेकाले खेल रद्द भएसँगै चितवन र लुम्बिनीले एक-एक अङ्क बाँडेका छन् । क्यानका अनुसार शनिबार हुने दोस्रो खेलमा विराटनगर किङ्स र सुदूरपश्चिम रोयल्स खेल्ने तालिका छ । तर बेलुका ५ बजेदेखि सुरु हुने खेल पनि वर्षाले प्रभावित हुने सम्भावना छ । यही कात्तिक ९ गतेदेखि सुरु भएको एनपिएल आगामी मङ्सिर ५ गतेसम्म सञ्चालन हुनेछ । नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटका यसअघिका दुई संस्करणमा वर्षाका कारण कुनै खेल रोकिएका थिएनन् । सबै खेल निर्धारित समयमा पूरा भएका थिए । यसअघिका प्रतियोगिता नोभेम्बर-डिसेम्बरमा आयोजना गरिए पनि यस संस्करणदेखि त्यसको एक महिना अगाडि प्रतियोगिता आयोजना गर्न लागिएको हो । अन्तर्राष्ट्रिय क्यालेन्डरअनुसार विन्डो मिलाउन एनपीएल अगाडि सारिएको क्यानले जनाएको थियो । नोभेम्बर-डिसेम्बरमा आयोजना गर्दा युएईको इन्टरनेशनल लिग टी-२० (आईएलटी-२०) सँग जुधेका कारण एनपीएल खेलेका खेलाडी बीचमै छाडेर दुबई जाने गरेका थिए । अहिले पनि क्यानडाको ग्लोबल टी-२० र अवुधाबी टी-२० सँग जुधेका कारण केही विदेशी खेलाडीले एनपीएलमा सम्झौता भए पनि त्यता गएको गुनासो फ्रेन्चाइज टोलीले गरेका छन् ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

तेस्रोपटक 'बेस्ट बैंक अवार्ड' बाट ग्लोबल आइएमई सम्मानित

काठमाडौं, कार्तिक १४/ ग्लोबल आइएमई बैंक तेस्रो पटक पनि 'बेस्ट बैंक अवाड' बाट सम्मानित भएको छ । प्रतिष्ठित अन्तर्राष्ट्रिय आर्थिक पत्रिका 'ग्लोबल फाइनान्स' द्वारा प्रदान गरिने 'बेस्ट बैंक अवार्ड ।

२०२६ बाट सो बैंक सम्मानित भएको हो । योसँगै बैंक लगातार तेस्रो वर्ष सो अवार्डबाट सम्मानित भएको हो । बैंकले सन् २०२४ र २०२५ मा पनि सोही विधामा ग्लोबल फाइनान्सको उक्त अवार्ड प्राप्त गरेको थियो । बैंकले 'बैंक अफ द इयर २०१४', 'बेस्ट इन्टरनेट बैंक २०१६।, तथा सन् २०२४, २०२५ र २०२६ मा लगातार 'बेष्ट बैंक नेपाल' को उपाधि प्राप्त गरिसकेको छ । यस्तै बैंकले युरोमनी अवार्ड फर एक्सलेन्स २०२२, २०२४ र २०२५, बेष्ट बैंक ईएसजी नेपाल २०२४ र बेष्ट इम्प्लोयरजस्ता प्रतिष्ठित पुरस्कारसमेत प्राप्त गरेको छ ।

दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना

सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक पिपलडाँडा गा.वि.स.-४ कुवादी, हाल रम्भा गाउँपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं. 5243782 N का TS-NK देउ बहादुर थापा (ना.प्र.मा देउ बहादुर सुनारी मगर) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा गुमी सरा र जन्म मिति सन् १९६० जुलाई ०१ (वि.स.२०१७/०३/१८) र नेपाली नागरिकता प्रमाणपत्रमा गमिसरा सुनारी मगर, जन्म मिति वि.स. २०१२/०६/१२ (सन् १९५५ सेप्टेम्वर २८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

सामाजिक सञ्जाल प्रयोगमा सतकर्ता अपनाऔँ

- सामाजिक सञ्जालमा जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुर्‍याउने तथा भ्रम सिर्जना गर्ने कार्य नगरौं,
- राष्ट्रिय सुरक्षा र एकतामा आँच नपुर्‍याऔं,
- कसैको प्रतिष्ठा, मर्यादा र आत्मासम्मानमा ठोस नपुर्‍याऔं,
- जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना नगरौं,
- शान्ति सुरक्षामा खलल पार्ने एवम् प्रचलित कानूनले रोक लगाएका सामग्रीहरु पोष्ट, शेयर, ट्याग, फयासट्याग, जस्ता कार्यहरु कानूनत: दण्डनीय हुन्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई